# आ.व. २०८२/०८३ को

# बार्षिक प्रगति पुस्तिका

कोशी प्रदेश सरकार

## पर्यटन, वन तथा वातावरण मन्त्रालय

## पर्यटन कार्यालय

धरान

| | | |
|---|---|---|
| प्रकाशक | : | पर्यटन कार्यालय धरान, सुनसरी |
| सम्पर्क नं. | : | ०२५-५३५०१३ |
| ईमेल | : | tourismdharan@gmail.com |
| वैबसाईट | : | https://tourismdharan.koshi.gov.np/ |


| | | |
|---|---|---|
| सर्वाधिकार | : | © पर्यटन कार्यालय धरान, सुनसरी |


| | | |
|---|---|---|
| प्रकाशन मिति | : | २०८३ साल श्रावण |




# बिषय सूची

**परिच्छेदः- एक** १
**प्रारम्भिक** १
१.१ परिचय ................ १
१.२ सङ्गठन संरचना ................ २
१.३ कार्यरत कर्मचारीः- ................ ३
१.४ कार्यक्षेत्र र कार्य जिम्मेवारी ................ ३

**परिच्छेदः- दुई** ५
**नियमित कार्यक्रमहरु** ५
२.१५ दर्ता, नवीकरण तथा खारेजी ................ ८
२.१७ होमस्टे सम्बन्धी विवरण ................ १०
२.१८ ट्राभल एण्ड टुवर्स एजेन्सी सम्बन्धी विवरण ................ १२
२.१९ नियमित कार्यक्रमको बार्षिक लक्ष्य र प्रगति विवरण ................ १४

**परिच्छेदः- तीन** १६
**कोशी प्रदेश पर्यटन बर्ष, २०८२ कार्यक्रमहरु** १६
३.७ कोशी प्रदेश पर्यटन बर्ष, २०८२ कार्यक्रमको लक्ष्य र प्रगति विवरण ................ १८

**परिच्छेदः- चार** १९
**समग्र कार्यक्रमको प्रगति र राजश्व संकलन विवरण** १९
४.१ समग्र बार्षिक लक्ष्य र प्रगति विवरण ................ १९
४.२ आ.व. २०८२/८३ मा सङ्कलित राजस्व ................ २०

**परिच्छेदः- पाँच** २१
**समस्याहरु र समाधानका उपायहरु** २१
५.१ समस्याहरु ................ २१
५.२ समाधानका उपायहरु ................ २२

**कार्यक्रमका फोटोहरु** २३

# परिच्छेदः- एक

## प्रारम्भिक

### १.१ परिचय

नेपालको संविधान, २०७२ को अनुसूची ६ अनुसार पर्यटन क्षेत्र प्रदेश सरकारको एकल अधिकारको सूचीमा पर्दछ। कोशी प्रदेशको हकमा उक्त अधिकार पर्यटन, वन तथा वातावरण मन्त्रालयमा निहित रहेको छ भने मन्त्रालयले ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी र होमस्टे सम्बन्धी सम्पूर्ण अधिकार आफू मातहत रहेका दुईवटा पर्यटन कार्यालयहरू क्रमशः पर्यटन कार्यालय, धरान र पर्यटन कार्यालय, काकरभिट्टालाई प्रत्यायोजन गरेको छ।

कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेको पर्यटन कार्यालय, धरानको स्थापना वि.सं. २०७७ कार्तिक २४ गते भएको हो। यस कार्यालयको कार्यक्षेत्रभित्र कोशी प्रदेशको मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, उदयपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बु गरी १० जिल्लाहरु पर्दछन्।

पर्यटन कार्यालय, धरानले आफ्नो कार्यक्षेत्रभित्र रहेका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीहरूलाई इजाजत प्रदान र नवीकरण गर्ने र होमस्टेहरूको दर्ता, नवीकरण, अनुगमन र खारेजी लगायतका कार्यहरू सम्पादन गर्दछ। होमस्टे सञ्चालकहरूको लागि पुर्व तयारी शिक्षा, क्षमता अभिवृद्धि, अभिमुखीकरण सम्बन्धी तालिमहरू पनि सञ्चालन गर्दछ। यसको अतिरिक्त प्रदेश सरकारको नीति तथा कार्यक्रम र मन्त्रालयको निर्देशन बमोजिम आफ्नो कार्यक्षेत्रभित्र पर्यटन प्रवर्धन सम्बन्धी विविध क्रियाकलापहरू समेत सञ्चालन गर्दछ।

कार्य सम्पादन वा सेवा प्रवाह गर्ने क्रममा कार्यालयले विभिन्न संघीय तथा प्रादेशिक कानुनहरूको अतिरिक्त प्रत्यक्ष रूपमा कोशी प्रदेशको पर्यटन विकास ऐन, २०७६, पर्यटन विकास नियमावली, २०७७ तथा होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को अधीनमा रही कार्य सम्पादन गर्ने गर्दछ।

## १.२ सङ्गठन संरचना

आर्थिक वर्ष २०८२/०८३ को लागि कार्यालयको स्वीकृत अस्थायी दरवन्दी तेरिज देहाय बमोजिम रहेको छ।

अनुसूची-४

कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

पर्यटन कार्यालय, धरान

अस्थायी दरबन्दी तेरिज

| क्र.स. | दरबन्दीको विवरण | | आ.व. ०८१/८२ को स्वीकृत दरवन्दी संख्या | आ.व. ०८२/८३ को दरवन्दी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | पद, नाम | श्रेणी/तह, सेवा/समूह | | थप | घट | जम्मा | |
| १. | शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत (कार्यालय प्रमुख) | ७-८, (प्रशासन/सा.प्र) | १ | ० | ० | १ | स्थायी |
| २. | नायब सुब्बा/सहायक अधिकृत | ५-६, (प्रशासन/सा.प्र.) | २ | ० | ० | २ | स्थायी |
| ३. | लेखापाल/सहायक अधिकृत | ५-६, (प्रशासन, लेखा) | १ | ० | ० | १ | स्थायी |
| ४. | ह.स.चा. | आधारभूत | १ | ० | ० | १ | करार |
| ५. | कार्यालय सहयोगी | आधारभूत | २ | ० | ० | २ | करार |
| जम्मा | | | ७ | ० | ० | ७ | |


अनुसूची-३

कोशी प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

पर्यटन कार्यालय, धरान

अस्थायी संगठन संरचना



## १.३ कार्यरत कर्मचारीः-

| क्र.सं. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | भिषम राई | कार्यालय प्रमुख | |
| २ | केशव प्रसाद फुयाल | अधिकृत छैटौं | |
| ३ | उपेन्द्र बहादुर श्रेष्ठ | अधिकृत छैटौं | |
| ४ | रेवती प्रसाद कट्टेल | लेखा प्रमुख | |
| ५ | उमेश कुमार कुसियैत | कार्यालय सहयोगी | करार |
| ६ | सरस्वती राई | कार्यालय सहयोगी | करार |

## १.४ कार्यक्षेत्र र कार्य जिम्मेवारी

### कार्यक्षेत्र

पर्यटन कार्यालय, धरानको कार्यक्षेत्र कोशी प्रदेशको १० जिल्लाहरू क्रमशः मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, उदयपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बु हुन्।

### कार्य जिम्मेवारी

यस कार्यालयले सम्पादन गर्ने नियमित मुख्य कार्यहरू र कोशी प्रदेश सरकारले घोषणा गरेको पर्यटन बर्ष २०८२ सम्बन्धी जिम्मेवारी देहाय बमोजिम रहेका छन्।

### नियमित कार्यहरु

- होमस्टे दर्ता, नवीकरण, अनुगमन, खारेजी र तालिम सञ्चालनः- कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका जिल्लामा कसैले निजी वा सामुदायिक होमस्टे सञ्चालन गर्न चाहन्छ भने त्यसको निम्ति पूर्व तयारी शिक्षा (तालिम) सञ्चालन गरी होमस्टे दर्ता गर्ने र वार्षिक रूपमा सोको नवीकरण गर्ने गर्दछ। त्यसैगरी कार्यालयले दर्ता भई सञ्चालनमा रहेका होमस्टेका सञ्चालकहरूको निम्ति वार्षिक कार्यक्रम अनुसार क्षमता विकास सम्बन्धी तालिमहरू सञ्चालन गर्नुका साथै होमस्टेहरू कानुनले तोके बमोजिम सञ्चालन भएका छन् वा छैनन् भनी समय समयमा अनुगमन समेत गर्दछ।

- ट्राभल/ट्रेकिङ्ग एजेन्सी ईजाजत, नवीकरण, अनुगमन, खारेजी र तालिम सञ्चालनः- कार्यालयले नियमानुसार दर्ता भएका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीहरूलाई इजाजत दिने, नवीकरण, अनुगमन र खारेजी लगायतका कार्यहरू गर्दछ। साथै वार्षिक कार्यक्रम अनुसार ट्राभल ट्रेकिङ्ग व्यवसायमा आवद्ध व्यवसायीहरूको क्षमता विकाससँग सम्बन्धित तालिम कार्यक्रमहरू समेत सञ्चालन गर्दछ।

- पर्यटन प्रवर्धनः- प्रदेश सरकारको पर्यटन सम्बन्धी नीति र मन्त्रालयको निर्देशन बमोजिम आफ्नो कार्यक्षेत्रका जिल्लाहरूमा रहेका नयाँ तथा स्थापित पर्यटकीय स्थलहरूको प्रचार, प्रसार लगायत प्रवर्धनका क्रियाकलापहरू समेत कार्यालयले गर्दछ।

- सरोकारवालाहरूसँग अन्तरक्रियाः- प्रदेशको पर्यटन प्रवर्धन, प्रचार प्रसार लगायत पर्यटन सेवा र व्यवसायसँग सम्बन्धित विविध विषयहरूमा सरोकारवालाहरूको पृष्ठपोषण लिन बेला बेलामा कार्यालयले सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना समेत गर्दछ। साथै पर्यटन व्यवसायीहरूको पीरमर्का, समस्याहरू जान्न बुझ्न र समाधानको उपाय पहिल्याउन पनि अन्तरक्रिया कार्यक्रमको आयोजना गर्दछ।

**कोशी प्रदेश पर्यटन बर्ष, २०८२ का कार्यक्रमहरु**

- प्रवर्द्धनात्मक कार्यक्रमहरुः- कोशी प्रदेश पर्यटन बर्ष २०८२ लाई प्रवर्द्धन गर्ने गरी विभिन्न किसिमका कार्यक्रमहरु जस्तै मेला महोत्सवहरु, फूड फेस्टिभलहरु, मार्ट आयोजना, सौन्दर्यकरणका कामहरु, सूचना केन्द्र सुदृढीकरण, रोड शो लगायतका कामहरु।

- प्रचार प्रसारका कार्यक्रमहरुः- विभिन्न किसिमका प्रचार प्रसार सम्बन्धी कामहरु जस्तै विभिन्न रेडियोहरु/टेलिभिजन/पत्रपत्रिका/सामाजिक संजालहरु मार्फत प्रचार प्रसार, विभिन्न किसिमका प्रचार प्रसारका सामाग्रीहरु मार्फत प्रचार प्रसारका कामहरु।

- समन्वय/अन्तरक्रिया कार्यक्रमहरुः- सरोकारवालाहरु, पर्यटन व्यावसायीहरु, सम्बन्धित विभिन्न निकायहरुलाई पर्यटन बर्षको बारेमा जानकारी प्रवाह गर्ने र उनीहरुबाट कार्यक्रमगत, नीतिगत लगायतका विषयमा सुझवा, सल्लाह र पृष्ठपोषणको लागि छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना।

- क्षमता विकास कार्यक्रमहरुः- पर्यटन व्यावसायीहरु, पर्यटन पत्रकारिता सम्बन्धी, यातायात व्यावसायीहरुको लागि विभिन्न किसिमका क्षमता विकासका तालिमहरु संचालन।

# परिच्छेदः- दुई

## नियमित कार्यक्रमहरु

पर्यटन कार्यालय, धरानले आ.व. २०८२/०८३ मा सञ्चालन गरेका स्वीकृत वार्षिक नियमित कार्यक्रमहरू देहाय बमोजिम रहेका छन्।

### २.१ नेपाल भारतमैत्री मिथिला पर्यटकीय सांस्कृतिक महोत्सव

नेपाल र भारतबीचको गहिरो सांस्कृतिक सम्बन्धलाई अझ प्रगाढ बनाई सुदृढ पार्ने उद्देश्यले अप्पन बिराटगढ परोपकार समाज बिराटनगरसँगको सहकार्यमा मितिः २०८२ साल कार्तिक २२ गते बिराटनगरमा यस कार्यक्रम आयोजना गरिएको हो।

### २.२ अन्तरक्रिया तथा छलफल

साहसिक खेलकुद मार्फत पर्यटन प्रवर्द्धन गर्ने सन्दर्भमा उदयपुर जिल्लाका जिल्ला होटेल व्यावसायी संघका अध्यक्ष, नेपाल प्यारग्लाइडिङ तथा ह्याङ ग्लाइडिङ संघ उदयपुरका अध्यक्ष, जिल्ला साइक्लिङ संघ उदयपुरका अध्यक्ष तथा होटेल व्यावसायीहरुसँग अन्तरक्रिया कार्यक्रम मिति २०८२ पौष ३ गते र कोशी प्रदेशका समग्र होमस्टेहरुको अवस्था, आगामी योजना तथा यस आ.व. का कार्यक्रमहरु संचालन संबन्धमा होमस्टे महासंघ नेपाल कोशी प्रदेशसँग मिति २०८२ पौष २२ गते अन्तरक्रिया कार्यक्रम कार्यालयमा गरियो।

### २.३ यातायातकर्मीमा पर्यटकमैत्री भावना विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम

यातायातकर्मीहरुको क्षमता विकास, शिष्टता, व्यवहार, सहयोग आदिमा सकारात्मक परिवर्तन तथा पर्यटकमैत्री भावना विकास गर्ने उद्देश्यले मिति २०८३ साल पौष ८ गते धरानमा र ९ गते ईटहरीमा यातायातकर्मीमा पर्यटकमैत्री भावना विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

## २.४ क्लिन भिलेज ग्रिन भिलेज मार्फत पर्यटन प्रवर्द्धन

पर्यटकीय क्षेत्रमा फोहोरमैला व्यवस्थापन तथा प्लाष्टिकजन्य सामाग्रीको प्रयोगको न्युनीकरणका साथै स्थानीय सीप र उद्यमशिलतालाई प्राथमिकता दिने उद्देश्यले चैनपुर नगरपालिका संखुवासभासँगको सहकार्यमा मिति २०८२ पौष २८ देखी ३० गतेसम्म यो कार्यक्रम सम्पन्न गरिएको।

## २.५ सामाजिक संजाल मार्फत प्रचार प्रसार

पर्यटकीय गन्तव्यहरुको भ्लग निर्माण गरी व्यापक रुपमा प्रचार प्रसार मार्फत पर्यटकहरुलाई आकर्षित तथा जानकारी गर्ने उद्देश्यले नेपालकै चर्चित भ्लगर सिर्जना सिज्जुसँग सहकार्य गरी सोलुखुम्बु जिल्लामा रहेको पिके डाँडा र सुनसरीको कोशीटप्पुको भ्लग निर्माण मार्फत प्रचार प्रसार गरिएको।

## २.६ स्वास्थ्य तथा पर्यटन प्रवर्द्धनका लागि साइक्लिङ मार्फत पर्यटन प्रवर्द्धन

साहसिक पर्यटनको महत्वपुर्ण पाटोको रुपमा रहेको साइक्लिङ मानव स्वास्थ्यसँग पनि जोडिएकोले सामुहिक साइक्लिङ मार्फत पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मिति २०८३ साल माघ २ गते जिल्ला साइक्लिङ संघ उदयपुरसँगको सहकार्यमा गाइघाटदेखी वंशिलाघाटसम्म साइक्लिङ गरी यो कार्यक्रम सम्पन्न गरिएको।

## २.७ पर्यटन सूचना केन्द्र सुदृढीकरण

आ.व. २०८१/०८२ मा भाण्टाबारी र धरानमा जडान गरिएको डिजिटल डिस्प्ले बोर्डहरुमा रंगरोगन तथा प्रसार प्रचारात्मक भिडियो निर्माण गरी प्रचार प्रसार गरिएको।

## २.८ कोशी प्रदेशमा चरा पर्यटन कार्यक्रम

कोशीटप्पु आरक्ष क्षेत्र र आसपासका जिल्लाहरुमा रहेका लोपोन्मुख तथा संकटापुर्ण चराहरुको अभिलेखीकरण गर्ने, सो को प्रचार प्रसार गरी पर्यटकहरुलाई आकर्षित गर्ने उद्देश्यले मिति २०८२ पौष २६ गतेदेखी माघ ६ गते सम्म कोशी पंक्षी समाजसँगको सहकार्यमा यो कार्यक्रम सम्पन्न गरिएको।

## २.९ पर्यटन कार्यालयमा सूचना केन्द्र सुदृढीकरण तथा व्यवस्थापन

कार्यालयलाई व्यवस्थित, जानकारीमुलक सामाग्रीहरुको व्यवस्थापन तथा व्युटीफिकेसन गर्ने उद्देश्यले कार्यालयमा होमस्टे तथा ट्राभल एजेन्सीसँग सम्बन्धित जानकारीमुलक सामाग्रीहरु प्रकाशन र कार्यालयको व्युटीफिकेसन गरिएको।

## २.१० पर्यटकीय क्षेत्र सरसफाइ र सौन्दर्यकरण कार्यक्रम

पर्यटकीय क्षेत्रको सौन्दर्यकरण तथा व्यवस्थापन गरी पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले बराहक्षेत्र नगरपालिकासँग सहकार्य गरी बोराबाधमा डस्टविन तथा लाइटिङ र शौचालय व्यवस्थापन गरी सौन्दर्यकरण गरिएको।

## २.११ होमस्टेकर्मीलाई अतिथि सत्कार र पर्यटन प्रवर्द्धन तालिम

ग्रामिण पर्यटन प्रवर्द्धनका आधारस्तम्भका रुपमा रहेका होमस्टेहरुको व्यावसायिक क्षमता अभिवृद्धि गरी आतिथ्यता तथा पर्यटन प्रवर्द्धन सम्बन्धी बिषयमा जानकारी गराउने उद्देश्यले मिति २०८२ फागुन १ गते देखी ३ गते सम्म खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी गा.पा. १३ नुनथला सामुदायिक होमस्टेमा कार्यक्रम गरिएको।

## २.१२ प्याराग्लाइडिङ प्रतियोगिता

कोशी प्रदेशमा साहसिक पर्यटन विकास र प्रवर्द्धन गर्ने उद्देश्यले साहसिक पर्यटनको महत्वपुर्ण पाटोको रुपमा रहेको प्याराग्लाइडिङको विस्तार तथा प्रचार प्रसार गर्न नेपाल प्यारग्लाइडिङ तथा ह्याङ ग्लाइडिङ संघ उदयपुरसँगको सहकार्यमा प्रथम प्रदेश स्तरीय प्याराग्लाइडिङ प्रतियोगिता मिति २०८२ चैत्र २७ र २८ गते उदयपुरको बेलकामा सम्पन्न गरियो।

## २.१३ प्रचार प्रसार सामाग्री खरिद तथा वितरण

कोशी प्रदेशका पर्यटकीय गन्तव्यहरुको जानकारी तथा प्रचार प्रसार साथै यहाँका पर्यटकीय सम्भावनाहरुको जानकारी प्रदान गर्ने प्रयोजनका लागि विभन्न प्रकारका ब्रोसरहरु, बुकलेट, फोटोबुक, क्यालेण्डर, टिसर्ट, स्टीकर, फोटोहरु, पम्प्लेट लगायतका प्रचार प्रसारका सामाग्रीहरुको खरिद तथा वितरण गरियो।

## २.१४ पर्यटकीय क्षेत्रमा फोहोरमैला व्यवस्थापन तालिम तथा सामाग्री हस्तान्तरण कार्यक्रम

पर्यटकीय क्षेत्रमा रहेका सरोकारवाहरुसँगको समन्वयमा फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम तथा आवश्यक सामाग्री हस्तान्तरण गर्ने उद्देश्यले मिति २०८३ असार २ र ३ गते धनुकुटा जिल्ला साँगुरीगढी गा.पा. नाम्जेमा तालिम, डस्टविन वितरण साथै फिल्ड भिजिट गरी यो कार्यक्रम संचालन गरिएको।

## २.१५ दर्ता, नवीकरण तथा खारेजी

आर्थिक वर्ष २०८२/८३ मा देहाय बमोजिमको सङ्ख्यामा होमस्टे तथा ट्राभल एजेन्सीहरुलाई दर्ता, ईजात, नवीकरण गरिएका छन्।

| क्र.सं. | कार्य | होमस्टे | ट्राभल एजेन्सी |
|---|---|---|---|
| १ | दर्ता | ४ | - |
| २ | नवीकरण | १६ | १२ |
| ३ | शेयरधनी परिवर्तन | - | १ |
| ४ | इजाजत | - | ३ |
| ५ | खारेजी | १ | १ |

## २.१६ अनुगमन निरीक्षण

पर्यटन कार्यालय धरानले आ.व. २०८२/०८३ मा देहाय बमोजिमका होमस्टे तथा ट्राभल एजेन्सीहरूको अनुगमन गरेको थियो।

| क्र.सं. | अनुगमन गरिएको होमस्टे | अनुगमन मिति |
|---|---|---|
| १ | डाँडाबजार सामुदायिक होमस्टे धनकुटा | २०८३/०३/०२ |
| २ | भलाकुसारी होमस्टे, सुनसरी | २०८३/२०/५ |
| ३ | रामधुनी सामुदायिक होमस्टे ,सुनसरी | २०८२/५/०९ |
| ४ | उतरपानी धर्मशाला होमस्टे धनकुटा | २०८२/०७/२७ |
| ५ | नुनथला सामुदायिक होमस्टे, खोटाङ | २०८२/११/०१ |

| क्र.सं. | अनुगमन गरिएको होमस्टे | अनुगमन मिति |
|---|---|---|
| ६ | सुनाखरी होमस्टेधनकुटा , | २०८२/०५/०४ |
| ७ | बहेडवा थारु सामुदायिक होमस्टे, उदयपुर | २०८२/१०/१६ |
| ८ | तपेश्वरी मध्यवर्ती सामुदायिक होमस्टे, उदयपुर | २०८३/०२/६ |
| ९ | थारु सामुदायिक होमस्टे, उदयपुर | २०८३/०३/१५ |
| १० | नाम्जे थुम्की सामुदायिक होमस्टे, धनकुटा | २०८२/५/०६ |
| ११ | सुदिप होमस्टे, कोशीटप्पु | २०८२/०९/२२ |
| १२ | लेकवेशी होमस्टे, खोटाङ | २०८२/१०/२९ |
| १३ | कोशी टप्पु सिमसार सामुदायिक होमस्टे, सुनसरी | २०८२/११/१३ |
| १४ | बिलमेटे सामुदायिक होमस्टे, तेह्रथुम | २०८३/०२/२० |
| १५ | सामुदायिक टाट्ने होम स्टे, उदयपुर | २०८२/१०/१५ |
| १६ | लाङघुङ होमस्टे, धनकुटा | २०८२/०५/०६ |
| १७ | मनकामना सामुदायिक होमस्टे, धनकुटा | २०८२/०५/०७ |

| | अनुगमन गरिएको ट्राभल एजेन्सी | अनुगमन मिति |
|---|---|---|
| १ | श्री कृष्ण मनकामना तिर्थ यात्रा प्रा.लि, ईटहरी | २०८२/०६/२९ |
| २ | इनर्जी मार्केट इन्भेष्टमेन्ट प्रा.लि.बिराटनगर | २०८२/६/३० |
| ३ | श्री लेकबेसी एडभेन्चर हब प्राईभेट लिमिटेड,ईटहरी | २०८३/११/० |
| ४ | अदिति ट्राभल बिराटनगर | २०८३/०१/१५ |
| ५ | वी फ्लाइ प्रा. लि. बिराटनगर | २०८२/०९/१३ |
| ६ | ईष्ट जर्नी ट्राभल एण्ड टुर्स ईटहरी | २०८२/१०/०६ |
| ७ | जि.एन.एन ट्राभल्स एण्ड टुर्स, बिराटनगर | २०८२/०९/१४ |
| ८ | जागृती ट्राभल एण्ड टुर्स प्रा.लि. बिराटनगर | २०८२/०७/१९ |
| ९ | ड्रिमल्याण्ड ट्राभल एण्ड टुर्स प्रा.लि. बिराटनगर | २०८२/०८/२४ |
| १० | रिलायन्स फ्लाइट फोक्स ट्राभल प्रा.लि., बिराटनगर | २०८२/०८/२५ |

## २.१७ होमस्टे सम्बन्धी विवरण

यस कार्यालयमा आ.व. २०८२/८३ सम्म दर्ता भएका ३३ वटा होमस्टेहरु मध्ये १३ वटा निजी र २० वटा सामुदायिक होमस्टेहरु रहेका छन जसको विवरण देहाय अनुसार रहेका छन्।

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">जिल्ला</th><th colspan="2">होमस्टे</th><th rowspan="2">जम्मा</th></tr>
<tr><th>नीजि</th><th>सामुदायिक</th></tr>
<tr><td>१</td><td>मोरङ</td><td>-</td><td>जेफाले सा. होमस्टे, लेटाङ</td><td>१</td></tr>
<tr><td rowspan="4">२</td><td rowspan="4">सुनसरी</td><td>भलाकुसारी होमस्टे,ईटहरी - १०</td><td>रामधुनी सा. होमस्टे, रामधुनी न.पा.- ४</td><td rowspan="4">७</td></tr>
<tr><td rowspan="2">सुदिप होमस्टे, कोशी गा.पा.-३</td><td>प्रास्टोकी सा.होमस्टे, दुहबी न.पा.- १</td></tr>
<tr><td>कोशी टप्पु सिमसार सामुदायिक होमस्टे, कोशी गा.पा-२ सुनसरी</td></tr>
<tr><td>साल्पा होमस्टे, पुर्व कुशाहा -८</td><td>ससकोशी सा.होमस्टे, प्रकाशपुर – ९</td></tr>
<tr><td rowspan="5">३</td><td rowspan="5">उदयपुर</td><td>-</td><td>तपेश्वरी मध्यवर्ती सा.होमस्टे, बेलका - २</td><td rowspan="5">५</td></tr>
<tr><td>-</td><td>बहेड्वा थारु सा. होमस्टे, त्रियुगा न.पा. - १३</td></tr>
<tr><td>-</td><td>मैनाहा थारु सा. होमस्टे, त्रियुगा, १ जोगिदह</td></tr>
<tr><td>-</td><td>थारु सा. होमस्टे, त्रियुगा – १ जोगिदह</td></tr>
<tr><td>-</td><td>सामुदायिक टाट्ने होमस्टे, रौतामाई-१, उदयपुर</td></tr>
<tr><td rowspan="2">४</td><td rowspan="2">खोटाङ</td><td>लेकवेशी होमस्टे, मुढे ३</td><td>-</td><td rowspan="2">२</td></tr>
<tr><td>कृषि पर्यटन होमस्टे, दिक्तेल ८</td><td>-</td></tr>
<tr><td>५</td><td>सोलुखुम्बु</td><td>फेमिलि होमस्टे, झाप्रे १०</td><td>-</td><td>१</td></tr>
</table>

| क्र.सं. | जिल्ला | होमस्टे | | जम्मा |
|---|---|---|---|---|
| | | निजी | सामुदायिक | |
| ६ | धनकुटा | नुनथला फार्मस्टे धनकुटा न.पा. ४, देब्रेवास | नाम्जे थुम्की सा. होमस्टे भेडेटार | ८ |
| | | | थुम्की सा. होमस्टे, साँगुरीगढी ६ | |
| | | सुनाखरी होमस्टे , साँगुरीगढी,५ डाँडाबजार | उतरपानी धर्मशाला होमस्टे, पाखिबास ९ | |
| | | | डाँडाबजार सा. होमस्टे, साँगुरीगढी ६ | |
| | | लाङघुङ होमस्टे, साँगुरीगढी-६ नाम्जे, धनकुटा | मनकामना सामुदायिक होमस्टे, साँगुरीगढी-६ नाम्जे, धनकुटा | |
| ७ | संखुवासभा | खादबारी होमस्टे, खादबारी ७ | गुवावारी अर्गानिक महिला सा.होमस्टे, खादवारी ३ | ६ |
| | | | भाङखर्क सा. होमस्टे, खादबारी ५ | |
| | | तीनपोखरी होमस्टे, खादबारी १० | सेकाहा सा. होमस्टे खादबारी ५ | |
| | | | पाङ्मा सा. होमस्टे खादबारी ४ | |
| ८ | भोजपुर | ग्रिन भ्याली होमस्टे भोजपुर १० | अरुण सिस्नेरी बहुसांस्कृतिक सा. होमस्टे, अरुण गा.पा. २ | ३ |
| | | गोठे सिंह होमस्टे , २टेम्केमैयुङ | | |
| | जम्मा | | | ३३ |

***नोटः हाइलाइट गरिएका जम्मा ९ वटा होमस्टेहरु मौजुदा कार्यविधि अनुसार नवीकरण हुन नसक्ने।***

## २.१८ ट्राभल एण्ड टुवर्स एजेन्सी सम्बन्धी विवरण

यस कार्यालयमा आ.व. २०८२/८३ सम्म ईजाजत लिई संचालनमा रहेका ट्राभल एण्ड ट्रेकिङ एजेन्सीहरुको विवरण देहाय अनुसार रहेका छन्।

| क्र.सं. | जिल्ला | ट्राभल एजेन्सी | जम्मा |
|---|---|---|---|
| १ | मोरङ | फ्लाईअवैल टुर एण्ड ट्राभल्स प्रा. लि, बिराटनगर | २९ |
| | | जिट्राभल्स.एन.एन. एण्ड टुर्स विराटनगर | |
| | | इनर्जी मार्केट इन्भेष्टमेन्ट प्रा. लि, बिराटनगर | |
| | | वी फ्लाई प्रा. लि, बिराटनगर | |
| | | रुद्र सर्भिसेज प्रा. लि, बिराटनगर | |
| | | इष्टर्न एशिया ट्राभल एण्ड टुर्स प्रा. लि, बिराटनगर | |
| | | जयगंगा टुर्स एण्ड ट्राभल्स प्रा. लि, बिराटनगर | |
| | | विराट होलिडेज ट्राभल्स एण्ड टुर्स विराटनगर | |
| | | नेपयात्रा ट्राभल्स एण्ड टुर्स विराटनगर | |
| | | प्रकृति एण्ड मोनिका ट्राभल्स एण्ड टुर्स विराटनगर | |
| | | महेश ट्राभल्स एण्ड टुर्स प्रा. लि, बिराटनगर | |
| | | श्री कृष्ण ट्राभल एण्ड टुर्स विराटनगर | |
| | | अदिति ट्राभल्स प्रा. लि, बिराटनगर | |
| | | कोर्विग टुर्स एण्ड ट्राभल्स प्रा. लि, बिराटनगर | |
| | | कन्चनेश्वर ट्राभल्स, विराटनगर | |
| | | प्रारम्भ ट्राभल एण्ड टुर्स प्रा. लि, बिराटनगर | |
| | | छिरिङ ट्राभल्स उर्लाबारी | |
| | | गो नेपाल डट कम टुर्स एण्ड ट्राभल्स प्रा.लि. बिराटनगर | |
| | | न्यू समिट एण्ड ट्राभल्स विराटनगर | |
| | | अनर्व टुर्स एण्ड ट्राभल्स, विराटनगर | |

| | | | |
|---|---|---|---|
| | | नव युवा ट्राभल एण्ड टुर्स विराटनगर | |
| | | प्रतिभा ट्राभल्स, विराटनगर | |
| | | खोटाङ दूधकोशी ट्राभल एण्ड टुर्स प्रा.लि. | |
| | | पूर्वान्चल टुर्स एण्ड ट्राभल्स प्रा.लि | |
| २ | सुनसरी | रमाइलो टुर्स एण्ड ट्राभल्स, रामधुनी | 1१ |
| | | बुढासुव्वा टुर्स एण्ड ट्राभल्स, धरान | |
| | | लेकबेंसी एडभेन्चर हव प्रा.लि. इटहरी-६ सुनसरी | |
| | | श्री कृष्ण मनकामना तिर्थ यात्रा प्रा.लि.इटहरी-४ सुनसरी | |
| | | पाथिभरा ट्राभल्स एण्ड टुर्स इटहरी-६ सुनसरी | |
| | | फलाइ मी ट्राभल एण्ड टुर्स प्रा .लि. ईटहरी | |
| | | तीनथुँगा ट्राभल एण्ड टुर्स प्रा.लि. धरान-७ | |
| | | पूर्वान्चल ट्राभल एण्ड टुर्स प्रा.लि. धरान | |
| | | ए एण्ड वी ट्राभल्स एण्ड टुर्स प्रा.लि. इटहरी-५ | |
| | | तुवाचुङ ट्राभल एण्ड टुर्स प्रा.लि. धरान | |
| | | वेलकम फ्रेन्डसिप ट्राभल एण्ड टुर्स प्रा. लि. ईटहरी | |
| ३ | संखुवासभा | मकालु अरुण सोसियल ट्रेक खादबारी | १ |
| ४ | सोलुखुम्बु | इजि फ्लाईट ट्राभल प्रा.लि. खुम्बु पासाङल्हामु गा.पा.-५ सोलुखुम्बु | २ |
| | | डेयर टु ड्रिम एड्भेन्चर्स प्रा.लि. लिखु पिके-१ सोलुखुम्बु | |
| | **जम्मा** | | ४३ |
| *नोटः हाइलाइट गरिएका जम्मा २१ वटा ट्राभल एजेन्सीहरु मौजुदा नियम अनुसार ईजाजत नवीकरण गर्न नसकिने।* | | | |

## २.१९ नियमित कार्यक्रमको बार्षिक लक्ष्य र प्रगति विवरण

(रकम रु. हजारमा)

| क.सं. | कार्यक्रम | बार्षिक बजेट | खर्च | प्रगति विवरण (%) | |
|---|---|---|---|---|---|
| | | | | वित्तिय | भौतिक |
| **कार्यालय संचालन तर्फ** | | | | | |
| १ | पुँजिगत खर्च | ३०० | २७२.४ | ९०.८ | १०० |
| २ | कार्यालय संचालन खर्च | ७९८२ | ६७३२.५ | ८४.३ | - |
| **जम्मा** | | ८२८२ | ७००४.९ | ८४.६ | |
| **नियमित कार्यक्रम तर्फ** | | | | | |
| १ | नेपाल भारतमैत्री मिथिला पर्यटकीय महोत्सव, बिराटनगर | ५०० | ५०० | १०० | १०० |
| २ | यातायातकर्मिमा पर्यटकमैत्री भावना र विकास सम्बन्धी क्षमता अभिवृद्धि तालिम | १५० | १४५.५३ | ९७ | १०० |
| ३ | होमस्टेहरुलाई आतिथ्यता तथा पर्यटन प्रवर्द्धन तालिम | २०० | १७९.३४ | ९० | १०० |
| ४ | क्लिन भिलेज ग्रिन भिलेज पर्यटन अभियान | ३०० | २९८.६ | ९९ | १०० |
| ५ | स्वास्थ्य तथा पर्यटन प्रवर्द्धनका लागि साइक्लिङ मार्फत पर्यटन प्रवर्द्धन | २०० | २०० | १०० | १०० |
| ६ | पर्यटन पत्रकारिता सम्बन्धी क्षमता विकास तालिम | ५०० | ४८५ | ९७ | १०० |
| ७ | कोशी प्रदेशमा चरा पर्यटन | ३०० | ३०० | १०० | १०० |
| ८ | पर्यटन कार्यालयमा सूचना स्थापना तथा व्यवस्थापन | ५०० | २६१.१४ | ५२ | ७० |
| ९ | सामाजिक संजाल मार्फत प्रचार प्रसार | ५०० | ४९७.२ | ९९ | १०० |

क्रमशः

| | | | | | |
|---|---|---|---|---|---|
| १० | पर्यटन जनशक्ती विकास र अभिमुखीकरण | २५० | नभएको | | |
| ११ | प्यारागलाइडिङ प्रतियोगिता | ५०० | ४९५.२ | ९९ | १०० |
| १२ | पर्यटकीय क्षेत्रमा फोहरमैला व्यवस्थापन तथा सामाग्री हस्तान्तरण | २०० | १५९.१६ | ८० | १०० |
| १३ | मुख्य गन्तव्य क्षेत्रमा सार्वनजिक स्थल सौन्दर्यकरण | ४०० | ४०० | १०० | १०० |
| १४ | पर्यटन सूचना केन्द्रहरुको सुदृढीकरण | ५०० | ४३६.२६ | ८७ | १०० |
| १५ | कोशीटप्पुमा पर्यटकीय सूचना केन्द्र सुदृढीकरण | १००० | गर्न नसकिएको | | |
| १६ | प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण | १००० | ६५७.४४ | ६६ | ८० |
| १७ | उपहारजन्य सामाग्री खरिद तथा वितरण | २५० | ४८.४५ | २० | ४० |
| **जम्मा** | | **७२५०** | **५०६३.३२** | **७०** | **८५** |

# परिच्छेदः- तीन

# कोशी प्रदेश पर्यटन बर्ष, २०८२ कार्यक्रमहरु

पर्यटन कार्यालय, धरानले आ.व. २०८२/८३ मा सञ्चालन गरेका कोशी प्रदेश पर्यटन बर्ष, २०८२ का कार्यक्रमहरू देहाय बमोजिम रहेका छन्।

## ३.१ कोशीमा बिहार कार्यक्रम

कोशी प्रदेशसँग सिमाना जोडिएको भारतको बिहार राज्यका पर्यटन व्यावसायीहरु, अभियान्ताहरु आदिलाई निमन्त्रणा गरी पर्यटन प्रवर्द्धनका सम्भाव्यता तथा सहकार्य सम्बन्धी छलफल, विभिन्न मौलिक सांस्कृतिक नृत्यहरुको प्रस्तुती, फोटो प्रदर्शनी, विभिन्न किसिमका स्टलहरुको प्रदेर्शनी, चित्रकला प्रदर्शनी साथै बिहारका तर्फबाट समेत विभिन्न स्थानीय एवं मौलिक सांस्कृतिक प्रदर्शनी लगायतका कार्यक्रम गरी मिति २०८२ साल चैत्र २६ र २७ गते धरानमा यस कार्यक्रम आयोजना गरिएको।

## ३.२ कोशी टप्पुमा कोशी महोत्सव

कोशी टप्पु र यस आसपासमा रहेका पर्यटकीय सम्भावनाका साथै पर्या पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मिति २०८२ साल चैत्र २५ देखी २७ गते सम्म कोशी टप्पु क्षेत्रमा भारतीय छिमेकी राज्य विहार, बंगालका साथै काठमाडौं, पोखरा लगायत विभिन्न स्थानबाट पर्यटन व्यावसायी, अभियन्तहरु, मिडिया कर्मीहरुलाई चरा अवलोकन, हाति अर्ना अबलोकन, र्‍याफ्टिङ बोटिङ, सुर्यास्त अवलोकन, विभिन्न धार्मिक क्षेत्र भ्रमण लागयतका कार्यक्रमहरु गरी आयोजना गरिएको।

## ३.३ कोशी र सगरमाथा कोरीडोरको पर्यटकीय गन्तव्यहरुको भिडियो डकुमेन्ट्री  निर्माण

कोशी कोरीडोर अन्तरगतका ७ वटा जिल्ला र सगरमाथा कोरिडोर अन्तरगतका ३ वटा जिल्लाहरुमा रहेका विभिन्न पर्यटकीय गन्तव्यहरु समेटिएको २ वटा भिडियो डकुमेन्ट्री निर्माण गरी टेलिभिजन र सामाजिक संजालका माध्यमबाट प्रचार प्रसार गरिएको।

## ३.४ पदमार्गमा साइनेज विकास प्रवर्द्धन एवं प्रचार प्रसार (सगरमाथा क्षेत्र र मकालु क्षेत्र)

सगरमाथा र मकालु पदमार्गमा रहेका विभिन्न स्थानहरुलाई जानकारीमुलक एवं प्रचार प्रसार गर्ने उद्देश्यले सगरमाथा राष्ट्रिय निकुञ्ज र मकालु बरुण राष्ट्रिय निकुञ्जसँगको सहकार्यमा विभिन्न सूचनामुलक साइनेजहरुको निर्माण गरी जडान गरिएको।

## ३.५ साहसिक पर्यटन प्रवर्द्धनमा सहकार्य सम्बन्धी कार्यक्रमहरु

सरकार र निजी क्षेत्रबीच सहकार्य गर्दै प्रदेशभित्र रहेका साहसिक खेल पर्यटनका सम्भावनाहरुलाई उजागर गर्ने उद्दश्यले मिति २०८३ साल बैशाख २५ देखी २८ गते सम्म धरानमा प्याराग्लाइडिङ प्रतियोगिता र मिति २०८२ साल चैत्र ३० देखी २०८३ साल बैशाख ७ गते सम्म ईटहरी गोल्डकप प्रतियोतिमा सहकार्य गरिएको।

## ३.६ अन्य भ्रमण कार्यक्रम

कोशी प्रदेश पर्यटन बर्ष, २०८२ अन्तरगत संचालन भएका विभिन्न कार्यक्रमहरुको अनुगमन गरिएको।

## ३.७ कोशी प्रदेश पर्यटन बर्ष, २०८२ कार्यक्रमको लक्ष्य र प्रगति विवरण


रकम रु. हजारमा

| क्र.सं. | कार्यक्रम | बार्षिक बजेट | खर्च | प्रगति विवरण (%) | |
|---|---|---|---|---|---|
| | | | | वित्तिय | भौतिक |
| **कोशी प्रदेश पर्यटन बर्ष २०८२ अन्तरगतका कार्यक्रमहरु** | | | | | |
| १ | कोशीमा बिहार कार्यक्रम | १००० | ९४१.८८ | ९५ | १०० |
| २ | कोशी टप्पु महोत्सव | १००० | ९३९.२७ | ९४ | १०० |
| ३ | पत्रपत्रिकमा लेख रचना मार्फत पर्यटन प्रवर्द्धन | १०० | ० | ० | ० |
| ४ | पर्यटन सम्बद्ध विभिन्न संस्था एवं व्यक्तिहरुसँगको अन्तरक्रिया | १०० | २०.७५ | २० | ५० |
| ५ | कोशी र सगरमाथा कोरीडोरको पर्यटकीय गन्तव्यहरुको भिडियो डकुमेन्ट्री निर्माण | ८०० | ७९० | ९९ | १०० |
| ६ | साहसिक पर्यटन प्रवर्द्धनमा सहकार्य सम्बन्धी कार्यक्रमहरु | १००० | १००० | १०० | १०० |
| ७ | पदमार्गमा साइनेज विकास प्रवर्द्धन एवं प्रचार प्रसार (मकालु क्षेत्र) | ४०० | ३८२.७९ | ९६ | १०० |
| ८ | पदमार्गमा साइनेज विकास प्रवर्द्धन एवं प्रचार प्रसार (सगरमाथा क्षेत्र) | ४०० | ३९० | ९८ | १०० |
| ९ | अन्य भ्रमण कार्यक्रम | २०० | १८.६ | १० | ३० |
| **जम्मा** | | **५०००** | **४४८३.३** | **८९.६७** | **९०** |

# परिच्छेदः- चार


## समग्र कार्यक्रमको प्रगति र राजश्व संकलन विवरण

### ४.१ समग्र बार्षिक लक्ष्य र प्रगति विवरण



## ४.२ आ.व. २०८२/८३ मा सङ्कलित राजस्व

आर्थिक वर्ष २०८२/८३ मा कार्यालयले होमस्टे तथा ट्राभल एजेन्सीहरूको दर्ता, ईजाजत तथा नवीकरण लगायतका क्रियाकलापहरुबाट सङ्कलन गरेको राजस्व आम्दानीको विवरण देहाय बमोजिम रहेको छ।



# परिच्छेदः- पाँच

# समस्याहरु र समाधानका उपायहरु

## ५.१ समस्याहरु

समग्रमा नीतिगत, कानुनी तथा व्यवहारगत समस्याहरु निम्नानुसार रहेका छन्।

**नीतिगत तथा कानुनी समस्याहरु**

- स्वीकृत बार्षिक कार्यक्रम संचालन सम्बन्धी मार्गदर्शन समयमै नबनिदा कार्यक्रम संचालनमा ढिलाई हुने समस्या,
- कतिपय कार्यक्रमहरु बिशेष गरी कोशी प्रदेश पर्यटन बर्ष, २०८२ सम्बन्धी कार्यक्रमहरु तेस्रो त्रैमासिको अन्तिममा मात्र बाँटफाट भई अख्तियारी प्राप्त हुँदा कार्यान्वयनमा समस्या साथै कार्यान्वयन भएका कतिपय कार्यक्रमहरुको प्रभावकारिता अपेक्षित हुन नसकेको,
- पर्यटन विकास नियमावली, २०७७ अनुसार ट्राभल एण्ड ट्रेकिङ एजेन्सीलाई ईजाजत दिने व्यवस्था प्रक्रियामुखी हुँदा दर्ता भएका कतिपय ट्राभल एण्ड ट्रेकिङ एजेन्सीलाई ईजाजत दिन कठिनाइ भएको,
- ट्राभल एण्ड ट्रेकिङ एजेन्सीको नवीकरण सम्बन्धी व्यवस्था अस्पष्ट हुँदा कतिपय ट्राभल एण्ड ट्रेकिङ एजेन्सीको नवीकरण गर्न नसकिएको,
- होमस्टे संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ अनुसार नवीकरण सम्बन्धी व्यवस्था अस्पष्ट भएकोले म्याद समाप्त भएका होमस्टेहरुको नवीकरण गर्न नसकिएको,

**व्यवहारगत समस्याहरु**

- पर्यटन कार्यालय धरानको कार्यक्षेत्र कोशी प्रदेशको १४ जिल्ला मध्ये १० वटा जिल्ला रहेको तर सो कार्यक्षेत्रको अनुपातमा कर्मचारी र स्रोत साधनको अपर्याप्तता भएकोले कार्यालयको वार्षिक कार्यक्रमहरू प्रभावकारी ढंगले सञ्चालन गर्न कठिनाइ हुने गरेको छ।
- दर्ता नगरी संचालनमा रहेका कतिपय होमस्टेहरुलाई दर्ताको दायरामा ल्याउन नसकिएको,
- दर्ता भएको तर ईजाजत नलिई संचालनमा रहेका धेरै ट्राभल एण्ड ट्रेकिङ एजेन्सीहरुलाई ईजाजतको दायरामा ल्याउन नसकिएको,

- सिमित कार्यक्रम तर माग र आवश्यकता धेरै हुँदा कार्यक्रम कार्यान्वयनमा समस्या,
- कतिपय कार्यक्रमहरु समन्वय नगरि बार्षिक कार्यक्रममा राखिदा कार्यान्वयन गर्न नसकिएको,

## ५.२ समाधानका उपायहरु

विशेष गरी धेरै कार्यक्षेत्र र सिमित स्रोत साधन साथै अस्पष्ट नियमावली तथा कार्यविधिका कारण काम कारबाही सम्पन्न गर्नु एवं कार्यक्रमहरु संचालन गर्नलाई चुनौति छ।यी नै चुनौतिहरकाबीचमा काम कारबाही गर्दा आइपरेका समस्याहरुको समाधनका लागि निम्न उपायहरु अपाउनुपर्ने हुन्छ।

- श्रावण महिनाको तेस्रो हप्तासम्ममा कार्यक्रम संचालन मार्गदशन तयार गरिनुपर्ने जसले गर्दा भाद्रबाट कार्यक्रम कार्यन्वयन गर्न सकियोस्,
- परिवर्तित अवस्था अनुसार पर्यटन विकास नियमावली र होमस्टे संचालन कार्यविधि परिमार्जन गरिनुपर्दछ,
- दर्ता नगरी र ईजाजत नलिइ संचालनमा रहेका व्यवासयहरुलाई सम्बन्धित स्थानीय तहहरुसँग समन्वय गरी अनिवार्य रुपमा दर्ता र ईजाजतको दायरामा ल्याउनु पर्ने नीतिगत र कानुनी व्यवस्था गरिनुपर्दछ,
- नवीकरण सम्बन्धी व्यवस्थालाई स्पष्ट बनाइ नवीकरण गर्न नसकिएका व्यावसायीहरुलाई नवीकरणका लागि प्रोत्साहित गर्नुपर्दछ,
- पर्यटन व्यावसायिहरुलाई नीतिगत रुपमै सहुलियत र सुविधाका प्याकेजहरुको व्यवस्था गरिनुपर्दछ,
- कार्यालयको कार्यक्षेत्र भौगोलिक रूपमा निकै ठूलो रहेकोले कार्यबोझ कम गर्न अर्को स्थानमा पर्यटन कार्यालय स्थापना गर्नुपर्ने वा संगठन एवं व्यवस्थापन (O & M) गरी जनशक्ती थप गर्नुपर्ने,

# कार्यक्रमका फोटोहरु




नेपाल भारतमैत्री मिथिला पर्यटकमैत्री महोत्सव बिराटनगर



## यातायातकर्मीमा पर्यटकमैत्री भावना विकास तथा अभिमुखीकरण कार्यक्रम धरान र ईटहरी








**क्लिन भिलेज ग्रिन भिलेज पर्यटन अभियान चैनपुर संखुवसभा**








डिजिटल डिस्प्लेबोर्ड सुदृढीकरण धरान र भाण्टाबारी







स्वास्थ्य र पर्यटन प्रवर्द्धनका लागि साइक्लिङ
मार्फत पर्यटन प्रवर्द्धन उदयपुर













**चरा पर्यटन कार्यक्रम**
**कोशीटप्पु र**
**आसपासका क्षेत्रहरु**



प्यारागलाइडिङ्ग
प्रतियोगिता बेलका
उदयपुर











होमस्टे संचालकहरुलाई अतिथि सत्कार तथा पर्यटन प्रवर्द्धन तालिम खोटाङ







# बोराबाध सौन्दर्यकरण कार्यक्रम







## पर्यटन पत्रकारिता सम्बन्धी तालिम धनकुटा










# कार्यालयमा सुचना केन्द्र सुदृढीकरण र सौन्दर्यकरण







सामाजिक संजाल मार्फत प्रचार प्रसारका लागि युट्युवर सिर्जना सिज्जुसँग सहकार्य



# कोशीमा बिहार महोत्सव धरान











# कोशीटप्पु महोत्सव



















## पदमार्ग/ट्रेल क्षेत्रमा साइनेज विकास तथा प्रवर्द्धन कार्यक्रम (सगरमाथा क्षेत्र)










पदमार्ग/ट्रेल क्षेत्रमा साइनेज विकास तथा प्रवर्द्धन कार्यक्रम (मकालु क्षेत्र)









## प्याराग्लाइडिङ्ग प्रतियोगिता धरान









ईटहरी गोल्डकप


Visit Koshi
घुमौं कोशी
HAIR & SKIN CARE LASER HOSPITAL


16 INTERNATIONAL INVITATION
ITAHARI GOLDCUP-2082
Red Bull


HIGH SCORER
Rs. 25,000/-


PLAYER OF THE MATCH
16th International Invitation
RED BULL ITAHARI GOLDCUP 2082
Prize Amount
Amount in Words : Rupees Ten Thousand Only /-
Amount in figures Rs. 10,000/-
Organized by

## सार्वजनिक स्थलमा सरसफाइ व्यवस्थापन तालिम तथा समाग्री हस्तान्तरण कार्यक्रम

## धनकुटा



